नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**राजस्व चुहावटको कसुरमा निम्नानुसारका व्यक्तिहरु उपर विगो रु. १,५३,१५,९८१।- (एक करोड त्रिपन्न लाख पन्ध्र हजार नौ सय एकासी) कायम गरी विगोको दोब्बरसम्म जरिवाना र ३ वर्ष कैद सजायको माग दावी लिई मुद्दा दायर गरिएको ।**

**१. जिल्ला कैलाली धनगढी उपमहानगरपालिका -१ का रमेश कुमार सैजु समेतले चोरी पैठारी गरी ल्याएको २३४९.७०० ग्राम सुनको हुन आउने रु. १,२३,२८,६७२।- तथा १०९९२.७७ ग्राम चाँदीको हुन आउने रु. ३,९४,७८४।- समेत जम्मा विगो रु.१,२७,२३,४२०।- कायम गरी राजस्व चुहावटको कसुरमा कैलाली जिल्ला अदालतमा मिति २०७६।०९।०२ गते मुद्दा दर्ता ।**

जिल्ला प्रहरी कार्यालय धनगढी कैलालीबाट खटिएको टोलिले विषेश सुचनाको आधारमा जिल्ला कैलाली लम्की चुहा नगरपालीका -३ चिसापानि स्थित सडकमा बा.१९ च ७४१३ नम्वरको गाडि चेकजाँच गर्दा विना विल विजक लुकाई छिपाइ ल्याउदै गरेको **२३४९.७०० ग्राम सुन** र **१०९९२.७७ ग्राम चाँदी** बरामद गरी राजस्व अनुसन्धान कार्यालय कोहलपुरमा दाखिला भई अनुसन्धान गर्दा प्रतिवादी रमेश कुमार सैजुसमेतले अनुसन्धानको क्रममा बरामद भएको सुन तथा चाँदीको मसँग कुनै किसिमको बिलबिजक नभएको र उक्त सुन मेरो पनि नभएको र बरामद भएको सुनको बैध श्रोत समेत खुलाउन नसकेको हुँदा यी प्रतिवादी रमेश कुमार सैजु र सिता कुमारी चौधरीले बिना इजाजत अन्य मुलुकबाट भन्सार चोरी पैठारी गरी राजस्व चुहावट गरी ल्याएको देखिएको हुँदा प्रतिवादीहरु **रमेश कुमार सैजु र सिता कुमारी चौधरी**ले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(क) र (ग) बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले उक्त **२३४९.७०० ग्राम सुनको मुल्य रु. १२३२८६७२।-** तथा **१०९९२.७७ ग्राम चाँदीको मुल्य रु. ३,९४,७८४।- समेत जम्मा विगो रु.१,२७,२३,४२०।- (एक करोड सत्ताइस लाख तेइस हजार चार सय वीस मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार

बिगो कायम गरी सोहि ऐनको दफा २३(१) बमोजिम जरिवाना र कैद सजाय हुन साथै राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३३ बमोजिम बरामद सुन तथा चाँदी ढुवानीमा प्रयोग भएको बा.१९ च ७४१३ नम्वरको गाडी जफत हुन मिति २०७६।०९।०२ मा श्री कैलाली जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको ।

**२ कैलाली जिल्ला लम्कीचुहा नगरपालिका -१ बस्ने देउती गुट्खा ईन्डस्ट्रीज (स्था.ले.नं. ३०२४५३३५५) का प्रोप्राइटर यज्ञ वहादुर ओली समेतलाई राजस्व चुहावट गरेको अभियोगमा २५ लाख ९२ हजार विगो कायम गरी बर्दिया जिल्ला अदालतमा मिति २०७६।०८।२९ गते मुद्दा दायर।**

देउती गुट्खा इण्डष्ट्रीज (स्था.ले.नं. ३०२४५३३५५) का प्रोप्राइटर यज्ञ वहादुर ओली तथा उक्त इण्डष्ट्रीजबाट उत्पादित गुट्का अवैरुपमा ओसार पसरमा संलग्न भे. १ च ३०६२ नम्वर गाडीका चालक रमेश थारुले प्रचलित कानून बमोजिम अन्तः शुल्क स्टिकर नलगाई सूर्तीजन्य बस्तु निष्काशन गरी विक्री गरेको तथा अन्तशुल्क स्टिकर नलगाई भण्डारण गर्ने कार्य गरी राजस्व छलि गरेको देखिँदा उक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित कार्य गरी सोही ऐनको दफा ४ (क) र (ख) बमोजिमको कसुरजन्य कार्य गरी **रु. २५,९२,५६१।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो मूल्य **रु. २५,९२,५६१।- (पच्चिस लाख बयानब्बे हजार पाँच सय एकसठ्ठी)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले देउती गुट्खा इण्डष्ट्रीज (स्था.ले.नं. ३०२४५३३५५) का प्रोप्राइटर यज्ञ वहादुर ओली तथा उक्त इण्डष्ट्रीजबाट उत्पादित गुट्का अवैधरुपमा ओसार पसरमा संलग्न भे. १ च ३०६२ नम्वर गाडीका चालक रमेश थारुबाट उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) वमोजिम विगो रकम **रु. २५,९२,५६१।-** असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुनका साथै अवैधरुपमा उत्पादन भएको गुट्का ओसार पसारमा संलग्न भे. १ च ३०६२ नम्वर गाडी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३३ वमोजिम जफत हुन दावी लिई बर्दिया जिल्ला अदालतमा मिति २०७६।०८।२९ गते मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**